त्रिभुवन विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय, बल्खु

**४ वर्षे स्नातक तह प्रथम वर्षको नियमित परीक्षा दिने परीक्षार्थीहरुका लागि परीक्षा आवेदन फाराम भर्ने सूचना**

त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुसार २०८२ सालमा संचालन हुने मानविकी, व्यवस्थापन, शिक्षाशास्त्र संकाय र विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत ४ वर्षे स्नातक तह प्रथम वर्ष बि.ए., बि.एफ.ए., बि.बि.एस., बि.एड. र बि.एस्सी. तर्फका परीक्षा दिने नियमित परीक्षार्थीहरुले आ-आफ्नो क्याम्पसमा मिति २०८२ साल बैशाख २८ गतेदेखि २०८२ साल जेठ २५ गतेसम्ममा नियमित दस्तुर र साधारण म्याद सकिएको एक हप्ता भित्र दोब्बर दस्तुर सहित आवेदन फाराम भरी बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. परीक्षा आवेदन फाराम सम्बन्धमा :**

क) यस पटकदेखि परीक्षा आवेदन फाराम स्वयं परीक्षार्थीले अनलाइन माध्यमबाट भर्नुपर्ने व्यवस्था गरिएकोले सम्बन्धित क्याम्पसहरुले उपलब्ध गराएको परीक्षार्थीको इमेल अनुसार login गरी दिइएको निर्देशन अनुसार आफ्नो परीक्षा आवेदन फाराम भरी submit गर्नु पर्नेछ।

ख) परीक्षार्थीले submit गरेको परीक्षा आवेदन फाराम क्याम्पसले verify गरी आवश्यक शुल्क लिई उक्त फाराम final submit गर्नुपर्नेछ।

ग) परीक्षा आवेदन फाराम भर्ने म्याद र शुल्क सम्बन्धमा :

सबै क्याम्पसहरुले आवेदन फारामको अवधि समाप्त भएको मितिले ३ दिन भित्र परीक्षा शुल्क वापत रकम तिरेको बैंक भौचर, विद्यार्थीहरुको नामावली समावेश गरिएको पत्र सहित सम्बन्धित परीक्षा नियन्त्रण कार्यालयको लेखा शाखाबाट भौचर प्रमाणीकरण गरी विद्यार्थीहरुको विवरण फाराम शाखामा बुझाउनु पर्नेछ।

घ) यस पटकदेखि QR Code सहितको अनलाइन प्रवेशपत्र वितरण गरिने भएकोले सम्बन्धित क्याम्पसहरुबाट पप्रवशेपत्र वितरण गरिनेछ।

**२. परीक्षा शुल्क सम्बन्धमा :**

| | |
|---|---|
| क) परीक्षार्थीका लागि प्रति खण्ड शुल्क | रु.४७०।- |
| ख) परीक्षा आवेदन फाराम शुल्क | रु.६०। |
| ग) परीक्षा केन्द्र शुल्क प्रति खण्ड | रु.१००।- |
| घ) प्रयोगात्मक परीक्षा प्रति खण्ड एक विषयका लागि शुल्क | रु.१५०।- |
| ङ) दुई वा सो भन्दा वढी विषयका लागि प्रयोगात्मक परीक्षा शुल्क | रु.२७५।- |
| च) शिक्षण अभ्यास शुल्क<br>(रु.३५०।- मध्ये रु.५०।- प.नि.का., बल्खु र रु.१५०।- शिक्षाशास्त्र संकाय, डीनको कार्यालय, र रु.१५०।- सम्बन्धित क्याम्पसको खातामा राख्नुपर्नेछ। | रु.३५०।- |
| छ) फिल्ड वर्क, टर्म पेपर र प्रोजेक्ट वर्क शुल्क | रु.२७५।- |

१) परीक्षा शुल्क बुझाउने व्यवस्था :

क) काठमाडौं उपत्यका भित्रका क्याम्पसहरूले त्रि.वि. डीनेन्द्र बल्खु परिसर भित्र रहेका ग्लोबल आईएमई बैंक लिमिटेडको आम्दानी खाता नं ००५०१०१००००५०० मा अथवा नेपाल बैंक लिमिटेड आम्दानी खाता नं ०४५००१०००९९१०८०००००१ मा परीक्षा सम्बन्धी शुल्कहरू जम्मा गरी प.नि.का.को नाममा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

ख) क्षे.प.नि.का. पोखरा क्षेत्रका क्याम्पसहरूले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क त्रि.वि. क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, पोखरा स्थित नेपाल बैंक लिमिटेड, बगर शाखाको ख.हि.नं ०९१००१०१०१३००००००१ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

ग) क्षे.प.नि.का. विराटनगर क्षेत्रका क्याम्पसहरूले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क त्रि.वि. क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, विराटनगर स्थित नेपाल बैंक लिमिटेड, बजार सडक शाखाको ख.हि.नं १००००१००९२०१२००००००१ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

घ) क्षे.प.नि.का. नेपालगञ्ज क्षेत्रका क्याम्पसहरूले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क त्रि.वि. क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, नेपालगञ्ज स्थित ग्लोबल आईएमई बैंक लिमिटेड, त्रिभुवन चोक, बाँके ख.हि.नं २१०१०१०००००३५ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

ङ) क्षे.प.नि.का. अत्तरिया क्षेत्रको हकमा काठमाडौं त्रि.वि.प.नि.का., बल्खुको परिसरमा भित्र रहेको ग्लोबल आईएमई बैंक लिमिटेको आम्दानी खाता नं. ००५०१०१००००५०० मा अथवा नेपाल बैंक लिमिटेड आम्दानी खाता नं ०४५००१०००९९१०८००००००१ मा परीक्षा सम्बन्धी शुल्कहरू जम्मा गरी प.नि.का.को नाममा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

परीक्षा नियन्त्रक

CamScanner